# शाइन डेभलपमेन्ट बैंक लिमिटेडको
# चौथो वार्षिक साधारण सभा
# को
## विवरण (माइन्यूट)

१. **वैधानिक सभा :**
यस बैंकको सञ्चालक समितिको मिति २०६९/०८/८ गते बसेको १०१ औं बैठकको निर्णयानुसार आज मिति २०६९/०८/३० गते यस शाइन डेभलपमेण्ट बैंक लिमिटेडको चौथो वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री थानेश्वर पौडेल ज्यूको सभापतित्वमा रुपन्देही उद्योग संघ, बुटवलमा, विहान ११.०० बजे बसि देहाय बमोजिमको काम कारवाही सुसम्पन्न भयो ।

२. **सभाको मिति, समय र स्थान :**

मिति : २०६९ मसिर ३० (तद्नुसार १५ डिसेम्बर, २०१२) ।

समय : विहानको ११:०० बजे ।

स्थान : रुपन्देही उद्योग संघ, बुटवलमा ।

३. **सभाको सूचना प्रकाशन:**
कम्पनी ऐन, २०६३ को प्रावधान अनुरुप यो कम्पनीको आर्थिक वर्ष २०६८/०६९ को मुद्रित वार्षिक प्रतिवेदन सहित चौथो वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुलाई पठाउनुको साथै सो को सूचना मिति २०६९/०८/०९ गतेको अभियान दैनिक र २०६९/०८/२० को बुटवल टुडे दैनिकमा तथा बैंकको website www.shinebank.com.np मा प्रकाशित गरिएको थियो ।

४. **छलफलको विषयसूची :**

**वार्षिक साधारण सभाको छलफलका विषयहरु :**

**४.१ सामान्य प्रस्तावहरु :**

(क) सञ्चालक समितिको तर्फबाट प्रस्तुत हुने अध्यक्षज्यूको आ.व. २०६८/०६९ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने बारे ।

(ख) आ.व. २०६८/०६९ को लेखापरिक्षकको प्रतिवेदन सहित २०६९ आषाढ मसान्तको वासलात तथा २०६८ श्रावण १ देखि २०६९ आषाढ ३१ सम्मको नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण तथा सोसंग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

ग) लेखापरिक्षण समितिको सिफारिस बमोजिम आ.व.२०६९/०७० को लागि लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक चार्टर्ड एकाउन्टेण्ट श्याम कार्की, श्याम कार्की एण्ड कम्पनी पुनः नियुक्तीको लागि योग्य हुनु हुन्छ ।)

४.२ विशेष प्रस्तावहरु :

(क) बैंकको अधिकृत र जारी तथा चुक्ता पूजि वृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने ।

(ख) आ.व. २०६८/०६९ को लागी चुक्ता पुजीको १७ प्रतिशतले हुने रकम रु. ३,४०,००,०००/०० बराबरको बोनश शेयर वितरण गर्ने र ०.८९ प्रतिशतले हुने रकम रु. १७,८९,४७४।- कर प्रयोजनकालागि नगद लाभांश वितरण गर्न स्वीकृति गर्ने ।

(ग) शाइन डेभलपमेण्ट बैंक लिमिटेड र रेसुङ्गा विकास बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्वन्धि विशेष प्रस्ताव पारित गर्ने ।

(घ) मर्जर पछि बैंकको नाम र ठेगाना परिवर्तन गर्ने तथा विस्तार गर्न प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने ।

(ङ) यस बैंक र अन्य कुनै उपयुक्त बैंक/वित्तीय संस्थाको खोजी गरी एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने यस बैंकको मिति २०६८/०९/२६ मा सम्पन्न तेस्रो साधारणसभाको निर्णय बमोजिम यस बैंक र रेसुङ्गा विकास बैंक लि. बीच गाभ्न/गाभिन उपयुक्त देखी यस बैंक र उक्त बैंक एक आपसमा गाभ्न/गाभिन (मर्जर) गर्न दुवै संस्थाहरु बीच सम्पन्न समझदारी पत्र (MOU), दुवै संस्थाहरुको संयुक्त मर्जर समिति गठन, दुवै संस्थाहरुको सम्पति तथा दायित्व मुल्यांकन सम्बन्धी Due Diligence Audit (DDA) कार्य गर्न नियुक्त लेखापरीक्षक श्री महेश खनाल, चार्टर्ड एकाउउटेण्ट, डिल्लीबजार काठमाण्डौको नियुक्ती र निजको पारिश्रमिक अनुमोदन गर्ने एवं नेपाल राष्ट्र बैंकमा निवेदन दिई ने.रा.बैंकबाट दुवै संस्था एक आपसमा गाभिई १० जिल्ला कार्य क्षेत्र रहेको विकास बैंक बन्ने गरी मर्जरका लागि सैद्धान्तिक सहमति प्राप्त भईसकेकोले सो समेतको अनुमोदन गर्ने ।

(च) दुवै संस्था गाभ्ने/गाभिने (Merge) कार्य गर्न शेयर मिलानको अनुपात १:१ का दरले वितरण (मिलान) गर्ने ।

(छ) दुवै संस्था गाभ्ने/गाभिने (Merge) कार्य गर्न दुवै संस्थाको संस्थापक शेयर र सर्वसाधारण शेयर एक आपसमा मिलान गर्दा हुन आउने संस्थापक तथा सर्वसाधारण शेयरको अनुपात कायम गरी सोही बमोजिम संचालक समितिमा प्रतिनिधित्व हुने व्यवस्था गर्ने ।

(ज) दुवै संस्थाहरु गाभिएपछि बन्ने सञ्चालक समितिमा यस संस्थाको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरुको सम्वन्धमा प्रस्ताव पारित गर्ने ।

(भ) मर्जर प्रयोजनको लागि लेखापरीक्षकज्युको सम्पति तथा दायित्व मुल्यांकन सम्बन्धी Due Diligence Audit (DDA) Report पारित गर्ने ।

(ञ) गाभ्ने/गाभिने सम्बन्धी कार्यको अन्तिम स्वीकृतीको लागि नेपाल राष्ट्र बैंक समक्ष आवेदन गर्ने एवं मर्जर पछिको बैंकको नाम, शेयर पुजी निर्धारण हुने गरी प्रबन्धपत्र, नियमावली संशोधन गर्ने नियमनकारी निकायबाट स्वीकृती लिने सिलसिलामा बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गरी मिलाउने लगायतका मर्जर सम्बन्धी आवश्यक पर्ने सम्पुर्ण कार्य गर्न गराउन संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने र संचालक समितिले मर्जर समितिलाई सो अधिकार प्रत्यायोजन गर्न सक्ने प्रस्ताव पारित गर्ने ।

४.३ विविध ।

५. उपस्थिति :

संचालक उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री थानेश्वर पौडेल | अध्यक्ष |
| २. | श्री भुवन भण्डारी | संचालक |
| ३. | श्री श्रीकृष्ण पोखरेल | संचालक |
| ४. | श्री दिलीप राज मास्के | संचालक |
| ५. | श्री ताराप्रसाद उपाध्याय | संचालक |
| ६. | श्री मोहन चापागाई | संचालक |
| ७. | श्री थोम नाथ बस्याल | संचालक |
| ८. | श्रीमती तिल कुमारी वगाले | संचालक |

पदाधिकारी उपस्थिति :

श्री प्रकाश पौडेल — प्रमुख कार्यकारी अधिकृत, कम्पनी सचिव

शेयरधनीहरुको उपस्थिती :

| | | |
|---|---|---|
| १ स्वयम् उपस्थित | : | ७७३७२० कित्ता शेयरमा २१२ जना उपस्थित |
| २ प्रतिनिधी प्रोक्सी मार्फत उपस्थित | : | ५८२०३० कित्ता शेयरमा ३१८ जना उपस्थित |
| जम्मा उपस्थित | : | १३५५७५० कित्ता शेयरमा ५३० जना उपस्थित |

६. गणपुरक संख्या :

| विवरण | कुल संख्या | स्वयम् उपस्थित | प्रतिनिधी मार्फत | जम्मा | जम्मा भएको शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयर संख्या | २०००००० | ७७३७२० | ५८२०३० | १३५५७५० | ६७.८० |

७. सभाको वैधानिकता :

यो सभा कम्पनी ऐन २०६३ मा व्यवस्था भए बमोजिम बोलाइएको र दफा ७३ (२) बमोजिम गणपुरक संख्या पुगेको हुँदा सभा वैधानिक भएको कुरामा शेयरधनीहरु सहमत हुनुभई विधिवत सभाको कारवाही अगाडि बढाइयो ।

८. सभाको सभापतित्व र सभा संचालन :

सभाको प्रारम्भमा यस सभाको सभापतित्व गरीदिन संचालक समितिका अध्यक्ष श्री थानेश्वर पौडेल ज्यूलाई कम्पनी सचिव प्रकाश पौडेलज्यूले अनुरोध गर्नु भएपछि वहाँले सभाको सभापतित्व ग्रहण गर्नुभयो ।

९. चौथो वार्षिक साधारण सभामा संचालक समितिको प्रतिवेदन प्रस्ताव तथा अन्य प्रस्तावहरुको प्रस्तुती :

९.१ चौथो वार्षिक प्रतिवेदन प्रस्तुती :

छलफलका विषयको प्रथम प्रस्तावमा रहेको चौथो वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु हुन सभाका सभापति श्री थानेश्वर पौडेलज्यूलाई अनुरोध गरिएपछि सभाका सभापति श्री थानेश्वर पौडेलज्यूले चौथो वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो ।

९.२ लेखापरीक्षण प्रतिवेदन समेतको हिसाब प्रस्तुती :

तत्पश्चात सभापति महोदयले आ.व. २०६८/६९ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण समेतको हिसाब यो चौथो वार्षिक साधारण सभा समक्ष छलफका लागि प्रस्तुत गर्नु भयो ।

१०. छलफलको लागि आव्हान :

सो वार्षिक प्रतिवेदनको प्रस्तुती पछि सभाका सभापतिले शेयरधनी महानुभावहरुलाई वार्षिक प्रतिवेदन तथा छलफलका अन्य विषयमा आफ्ना जिज्ञासा, मन्तव्य, सुझाव प्रस्तुत गर्न आमन्त्रण गर्नुभयो । त्यस पछि निम्न शेयरधनी महानुभावहरुले आफ्नो जिज्ञासा तथा सुझावहरु प्रस्तुत गर्नुभयो ।

(१) श्री  शिव प्रसाद उपाध्याय

(२) श्री  जयलाल न्यौपाने

(३) श्री दुर्गा प्रसाद पाण्डे

(३) श्री गणेश चन्द्र पोखरेल

(४) श्री केदार प्रसाद श्रेष्ठ

(५) श्री पिताम्बर खनाल

(६) श्री विमल शर्मा

(७) श्री लेखनाथ खरेल

धन्यवाद, जिज्ञासा मन्तव्य तथा सुझावहरुको निम्न बमोजिम प्रस्तुतीकरण :

## शेयरधनीका जिज्ञाशा तथा सुझावहरु

१. बैंकको सफलता प्रति व्यवस्थापनलाई धन्यवाद सहित सफलतालाई दिगो राख्न सुझाव ।

२. शेयरधनीहरुलाई प्रदान गरेको प्रतिफल प्रति सन्तुष्टि व्यक्त ।

३. वाणिज्य बैंक सम्म बनाउन सुझाव ।

४. मर्जर पश्चात नयां खालको नाम राख्न सुझाव ।

५. केन्द्रिय कार्यालय गुल्मीमा राख्दा कठिनाई हुन सक्ने तर्फ ध्यानाकर्षण ।

११. उल्लेखित जिज्ञासा उपर सभाका सभापतिले जवाफहरु प्रस्तुत गर्नुभयो मुख्य मुख्य जवाफहरुको विवरण निम्न अनुसार छ :

- शेयरधनी महानुभावहरुले दिनु भएको सुझावहरुका लागि हार्दिक आभार र धन्यवाद छ । आगामी दिनमा यहाँहरुका सुझावहरु अध्ययन मनन गरी बैंकले कार्य गर्ने विश्वास दिलाउन चाहन्छौं ।
  मर्जिङ्ग सम्बन्धमा प्रमुख कार्यकारी अधिकृत र अध्यक्ष ज्यूबाट बैंकको धारणा प्रस्तुत गर्नुभयो ।

१२. उल्लेखित छलफल पछि सभाबाट सर्व सम्मतिले भएका निर्णयहरु :

(क) सामान्य प्रस्ताव अन्तर्गत भएका निर्णयहरु :

१. चौथो वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूले राख्नु भएको चौथो वार्षिक प्रतिवेदन उपर शेयरधनि महानुभावहरुले छलफल गरी उक्त प्रस्ताव सर्वसम्मतीले पारित गर्ने निर्णय भयो ।

२. आ. व. २०६८/०६९ को लेखापरीक्षकबाट प्रस्तुत प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सम्बन्धमा सभामा छलफल भै उक्त आ.व. २०६८/०६९ को लेखापरीक्षकबाट प्रस्तुत प्रतिवेदन, सहितका सम्पूर्ण अनुसुचीहरुलाई सर्वसम्मतीले पारित गर्ने निर्णय भयो ।

३. लेखा परीक्षण समितिको सिफारीस बमोजिम लेखा परिक्षकमा आ.व. २०६९/०७० को लागि लेखा परीक्षण गर्नका लागि चार्टर्ड एकाउण्टेण्ट श्री श्याम कार्की, श्याम कार्की एण्ड कम्पनी लाई लेखा परिक्षण गर्न र निजलाई पारिश्रमिक बापत रु. ९०,०००/०० (अक्षेरुपी नब्बे हजार मात्र) उपलब्ध गराउने सम्बन्धमा छलफल हुंदा आ. व. २०६९/०७० को लेखा परिक्षण, कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमको विवरण प्रमाणित गर्न र लङ्ग फर्म रिपोर्ट समेतका लगि रु. ९०,०००/०० (अक्षेरुपी नब्बे हजार मात्र) कर सहित प्रदान गर्ने गरी निजलाई नियुक्त गर्ने निर्णय गरियो ।

## (ख) विशेष प्रस्ताव अन्तर्गत सभाबाट भएका निर्णयहरु :

१. बैंकको अधिकृत रु. ६४ करोड र जारी रु. ३१ करोड ९८ लाख ६३ हजार ६ सय तथा चुक्ता पूंजी रु. ३१ करोड ९८ लाख ६३ हजार ६ सय पुरयाउने र सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

२. आ.व. २०६८/०६९ को लागी चुक्ता पूंजीको १७ प्रतिशतले हुने रकम रु. ३,४०,००,०००/०० बराबरको बोनश शेयर वितरण गर्ने र ०.८९ प्रतिशतले हुने रकम रु. १७,८९,४७४।- कर प्रयोजनकालागि नगद लाभांश बितरण गर्न स्वीकृति गर्ने विशेष प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

३. शाइन डेभलपमेण्ट बैंक लि. र रेसुङ्गा विकास बैंक लि. एक आपसमा गाभ्ने/गाभिने (Merge) विशेष प्रस्ताव सभा समक्ष पेश भई छलफल हुंदा रेसुङ्गा विकास बैंक लि.को सम्पूर्ण सम्पत्ति दायित्व शाइन डेभलपमेण्ट बैंक लि. ले सकार गर्ने गरी गाभ्ने शाइन डेभलपमेण्ट बैंक लि. र गाभिने रेसुङ्गा विकास बैंक लि. हुने गरी एक आपसमा गाभ्ने/गाभिने (Merge) विशेष प्रस्ताव सर्व सम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

४. मर्जर पछि बैंकको नाम शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि र अंग्रजीमा Shine Resunga Development Bank Limited र बैंकको रजिष्टर्ड (केन्द्रिय) कार्यालय तमघास गा.वि.स. वडा नं. १, तमघास, गुल्मी र कर्पोरेट कार्यालय बुटवल न. पा. वडा नं. ८, सिद्धार्थरोडमा रहनेछ तथा बैंकको कार्यक्षेत्र रुपन्देही, अर्घाखांची, नवलपरासी, पाल्पा, गुल्मी, कपितवस्तु, बागलुङ्ग, दाङ्ग, प्यूठान र चितवन कायम गरि सोही बमोजिम प्रवन्धपत्र नियमावली संशोधन गर्ने निर्णय गरियो ।

५. यस बैंक र अन्य कुनै उपयुक्त बैंक/वित्तीय संस्थाको खोजी गरी एक आपसमा गाभ्ने/गाभिने (मर्जर) गर्ने यस बैंकको मिति २०६८/०९/२६ मा सम्पन्न तेस्रो साधारणसभाको निर्णय बमोजिम यस बैंक र रेसुङ्गा विकास बैंक लि. बीच गाभ्न/गाभिन उपयुक्त देखी यस बैंक र उक्त बैंक एक आपसमा गाभ्न/गाभिन (मर्जर) गर्न दुवै संस्थाहरु बीच सम्पन्न समझदारी पत्र (MOU), दुवै संस्थाहरुको संयुक्त मर्जर समिति गठन, दुवै संस्थाहरुको सम्पति तथा दायित्व मुल्यांकन सम्बन्धी Due Diligence Audit (DDA) कार्य गर्न नियुक्त लेखापरीक्षक श्री महेश खनाल, चार्टर्ड एकाउउटेण्ट, डिल्लीबजार काठमाण्डौको नियुक्ती र निजको पारिश्रमिक रु.१,७५,०००/०० (अक्षरेपी एक लाख पचहत्तर हजार मात्र) कर बाहेक अनुमोदन गर्ने एवं नेपाल राष्ट्र बैंकमा निवेदन दिई ने.रा.बैंकबाट दुवै संस्था एक आपसमा गाभिई १० जिल्ला कार्य क्षेत्र रहेको विकास बैंक बन्ने गरी मर्जरका लागि सैद्धान्तिक सहमति प्राप्त भईसकेकोले सो समेतको अनुमोदन गर्ने विशेष प्रस्ताव सर्व सम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

६. शाइन डेभलपमेण्ट बैंक लि. र रेसुङ्गा विकास बैंक लि. गाभ्ने/गाभिने (Merge) कार्य गर्न शेयर मिलानको अनुपात १:१ का दरले वितरण (मिलान) गर्ने विशेष प्रस्ताव सर्व सम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

७. शाइन डेभलपमेण्ट बैंक लि. र रेसुङ्गा विकास बैंक लि. गाभ्ने/गाभिने (Merge) कार्य गन दुवै संस्थाको संस्थापक शेयर र सर्वसाधारण शेयर एक आपसमा मिलान गर्दा हुन आउने संस्थापक तथा सर्वसाधारण शेयरको अनुपात निम्न बमोजिम कायम हुने गरी संचालक समितिमा निम्न बमोजिम प्रतिनिधित्व हुने व्यवस्था गर्ने र सो व्यवस्था बमोजिम शाइन डेभलमपेण्ट बैंक लि.को प्रबन्धपत्र र नियमावलीमा समेत संशोधन गर्ने र संशोधनको सिलसिलमा नियमन निकायबाट दिइने निर्देशन बमोजिम परिमार्जन गरी प्रबन्धपत्र नियमावली संशोधन गरी अभिलेख गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सर्व सम्मतिबाट निर्णय गरियो ।

**शेयर पूंजी :**

| पूंजी शिर्षक | रकम रु. |
|---|---|
| अधिकृत शेयर पुंजी | ६४,००,००,०००/०० (चौसठी करोड मात्र) |
| जारी पुंजी | ३१,९८,६३,६००/०० (एकतीस करोड अन्ठानब्बे लाख त्रिसठी हजार छ सय मात्र) |
| चुक्ता पूंजी | ३१,९८,६३,६००/०० (एकतीस करोड अन्ठानब्बे लाख त्रिसठी हजारछ सय मात्र) |

**शेयर अनुपात**

| शेयरधनी समूह | शेयर संख्या | प्रतिशत |
|---|---|---|
| संस्थापक शेयर | २००५०४५ | ६२.६८ |
| सर्वसाधारण शेयर | ११९३५९१ | ३७.३२ |
| जम्मा | ३१९८६३६ | १०० |

**संचालक समितिमा प्रतिनिधित्व**

| समुह | प्रतिनिधित्व संख्या |
|---|---|
| संस्थापक शेयरधनी | ५ जना |
| सर्वसाधारण शेयरधनी | ३ जना |
| विशेषज्ञ संचालक | १ जना |
| जम्मा संचालक | ९ जना |

= दुवै संस्थाहरु गाभिएपछि बन्ने तदर्थ सञ्चालक समितिमा यस बैंकको अध्यक्ष श्री थानेश्वर पौडेल ज्यूको अध्यक्षता रहने गरी यस बैंकको तर्फवाट निम्न बमोजिमका संचालकहरुले प्रतिनिधित्व गर्ने निर्णय गरियो । साथै रेसुङ्गा विकास बैंक लि.को साधारण सभाको निर्णयवाट उक्त बैंकको तर्फवाट तदर्थ संचालक समितिमा प्रतिनिधीत्वको लागि निर्णय गरिएको संचालकलाई उपरोक्त तदर्थ संचालक समितिमा संचालकमा मनोनयन गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय समेत गरियो ।

| क्र.सं. | संचालकको नाम, थर | तदर्थ संचालक समितिमा हुने पद |
|---|---|---|
| १. | श्री थानेश्वर पौडेल | अध्यक्ष |
| २. | श्री श्रीकृष्ण पोखरेल | संचालक |
| ३. | श्री तारा प्रसाद उपाध्याय (ज्ञवाली) | संचालक |
| ४. | श्री मोहन चापागाई | संचालक |
| ५. | श्रीमती तिल कुमारी थगाले | संचालक |

९. मर्जर प्रयोजनको लागि लेखापरीक्षकज्यूको सम्पति तथा दायित्व मुल्यांकन सम्बन्धी प्रतिवेदन Due Diligence Audit Report (DDAR) सर्वसम्मतिवाट पारित गर्ने निर्णय गरियो ।

१०. गाभ्ने/गाभिने सम्बन्धी कार्यको अन्तिम स्वीकृतीको लागि नेपाल राष्ट्र बैंक समक्ष आवेदन गर्न एवं मर्जर पछिको बैंकको नाम, शेयर पुंजी निर्धारण हुने गरी प्रबन्धपत्र, नियमावली संशोधन गर्न नियमनकारी निकायवाट स्वीकृती लिने सिलसिलामा बैंकको प्रबन्धपत्र तथा नियमावली संशोधन गरी मिलाउने लगायतका मर्जर सम्बन्धी आवश्यक पर्ने सम्पुर्ण कार्य गर्न गराउन संचालक समितिलाई पुर्ण अख्तियारी प्रदान गर्ने र संचालक समितिले मर्जर समितिलाई सो अधिकार प्रत्यायोजन गर्न सक्ने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतीले पारित गरियो ।

**प्रबन्धपत्रमा संशोधन**

दफा १.कम्पनीको नाम : यस कम्पनीको नाम "शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा "Shine Resunga Development Bank Limited" भनिनेछ । जसलाई यसपछि "विकास बैंक" भनि संबोधन गरिने छ ।

दफा २.विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना : (१) यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय लुम्बिनी अञ्चल गुल्मी जिल्ला तम्घास गा.वि.स. वडा नं. १ मा रहनेछ ।

(२) यस विकास बैंकको कर्पोरेट कार्यालय लुम्बिनी अञ्चल रुपन्देही जिल्ला बुटवल नगरपालिका वडा नं. ८ मा रहनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उप-शाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सकिनेछ । यस विकास बैंकको कार्यक्षेत्र रुपन्देही, अर्घाखांची, नवलपरासी, पाल्पा, गुल्मी, कपिलवस्तु, बागलुङ्ग, दाङ्ग, प्युठान र चितवन हुनेछ ।

दफा ६. विकास बैंकको पूंजीको संरचना :

विकास बैंकको पूंजीको संरचना देहाय बमोजिम हुनेछ :

(क) विकास बैंकको अधिकृत पूंजी रु.६४,००,००,०००/०० (रुपैया चौसठी करोड मात्र) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/०० दरले ६४००००० (चौसठी लाख मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) विकास बैंकले तत्काल जारी गर्ने शेयर पूंजी रु.३१,९८,६३,६००/०० (एकतीस करोड अन्ठानब्बे लाख त्रिसठी हजार छ सय मात्र) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/०० दरले ३१९८६३६ (एकतीस लाख अन्ठानब्बे हजार छ सय छतीस) थान साधारण शेयरमा विभाजन गरिएको छ

(ग) विकास बैंकको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूंजी रु.२०,०५,०४,५२०/०० (बीस करोड पाच लाख चार हजार पांच सय बीस मात्र) हुनेछ ।

(घ) विकास बैंकले जारी पूंजीको ३७.३२ प्रतिशत शेयर सर्व साधारणलाई बिक्रीको लागी छुट्याइएको छ ।

ङ (१) संस्थापक शेयरधनीहरुलाई समुह "क" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ६२.६८ प्रतिशत हुनेछ ।

(२) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ३७.३२ प्रतिशत हुनेछ । यस समुहको कुल शेयरमध्येवाट बढीमा ५ प्रतिशतसम्म शेयर विकास बैंकका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।

दफा १२.(१) साविकको शाइन डेभलपमेण्ट बैंक लिमिटेडको क्रम संख्या १ देखी ६६ र साविकको रेसुङ्गा विकास बैंक लि. को क्रम संख्या ६७ देखी ८४ सम्मको शेयरधनीलाई संस्थापक शेयरधनी भनिनेछ ।

## नियमावली संशोधन

नियम १.कम्पनीको नाम : यस कम्पनीको नाम "शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा "Shine Resunga Development Bank Limited" भनिनेछ । जसलाई यसपछि "विकास बैंक" भनि संबोधन गरिने छ ।

नियम २.विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना : (१) यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय लुम्बिनी अञ्चल गुल्मी जिल्ला तम्घास गा.वि.स. वडा नं. १ मा रहनेछ ।

(२) यस विकास बैंकको कर्पोरेट कार्यालय लुम्बिनी अञ्चल रुपन्देही जिल्ला बुटवल नगरपालिका वडा नं. ८ मा रहनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उप-शाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सकिनेछ । यस विकास बैंकको कार्यक्षेत्र रुपन्देही, अर्घाखाँची, नवलपरासी, पाल्पा, गुल्मी, कपिलवस्तु, बागलुङ्ग, दाङ्ग, प्युठान र चितवन हुनेछ ।

नियम ४३.(१) साविकको शाइन डेभलपमेण्ट बैंक लिमिटेडको क्रम संख्या १ देखी ६६ र साविकको रेसुङ्गा विकास बैंक लि. को क्रम संख्या ६७ देखी ८४ सम्मको शेयरधनीलाई संस्थापक शेयरधनी भनिनेछ ।

प्रबन्धपत्र र नियमावलीमा उल्लेखीत बमोजिम संशोधन गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरबदल भएमा तथा सुझाव भएमा सोही बमोजिम सुधार गर्नका लागि बैंकको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो ।

ग. **विविध**

विविध विषयमा कुनै विषय प्रस्तुत भएन ।

१३. **धन्यवाद ज्ञापन तथा सभा विर्सजन** : सभा समक्ष राखिएका सम्पूर्ण प्रस्ताव उपर छलफल भई छलफलका विषयहरु समेत सम्पूर्ण पारित भई सकेकाले सभामा उपस्थित सबैलाई अध्यक्षज्यूले धन्यवाद दिदै बैंकको ~~तेस्रो~~ चौथो वार्षिक साधारण सभा विर्सजन भएको घोषणा गर्नु भयो । तत्पश्चात सभा विसर्जन भयो ।

............................ ............................

वागेश्वर पौडेल प्रकाश पौडेल

अध्यक्ष कम्पनी सचिव

# शाइन डेभलपमेन्ट बैंक लिमिटेडको

## प्रबन्धपत्रमा भएको संशोधन

**प्रबन्धपत्र तर्फ**

दफा १.कम्पनीको नाम : यस कम्पनीको नाम "शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा "Shine Resunga Development Bank Limited" भनिनेछ । जसलाई यसपछि "विकास बैंक" भनि संबोधन गरिने छ ।

दफा २. विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना : (१) यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय लुम्बिनी अञ्चल गुल्मी जिल्ला तम्घास गा.वि.स. वडा नं. १ मा रहनेछ ।

(२) यस विकास बैंकको कर्पोरेट कार्यालय लुम्बिनी अञ्चल रुपन्देही जिल्ला बुटवल नगरपालिका वडा नं. ८ मा रहनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उप-शाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सकिनेछ । यस विकास बैंकको कार्यक्षेत्र रुपन्देही, अर्घाखाँची, नवलपरासी, पाल्पा, गुल्मी, कपिलवस्तु, बागलुङ, दाङ, प्यूठान र चितवन हुनेछ ।

दफा ६. विकास बैंकको पूंजीको संरचना :

विकास बैंकको पूंजीको संरचना देहाय बमोजिम हुनेछ :

(क) विकास बैंकको अधिकृत पूंजी रु.६४,००,००,०००/०० (रुपैया चौसठी करोड मात्र) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/०० दरले ६४००००० (चौसठी लाख मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) विकास बैंकले तत्काल जारी गर्ने शेयर पुंजी रु.३१,९८,६३,६००/०० (एकतीस करोड अन्ठानब्बे लाख त्रिसठी हजार छ सय मात्र) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/०० दरले ३१९८६३६ (एकतीस लाख अन्ठानब्बे हजार छ सय छतीस) थान साधारण शेयरमा विभाजन गरिएको छ

(ग) विकास बैंकको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूंजी रु.२०,०५,०४,५२०/०० (बीस करोड पाँच लाख चार हजार पाँच सय बीस मात्र) हुनेछ ।

(घ) विकास बैंकले जारी पूंजीको ३७.३२ प्रतिशत शेयर सर्व साधारणलाई बिक्रीको लागी छुट्याइएको छ ।

ङ (१) संस्थापक शेयरधनीहरुलाई समुह "क" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ६२.६८ प्रतिशत हुनेछ ।

(२) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ३७.३२ प्रतिशत हुनेछ । यस समूहको कुल शेयरमध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर विकास बैंकका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।

दफा १५.(१) साविकको शाइन डेभलपमेण्ट बैंक लिमिटेडको कम संख्या १ देखी ६६ र साविकको रेसुङ्गा विकास बैंक लि. को कम संख्या ६७ देखी ८४ सम्मको शेयरधनीलाई संस्थापक शेयरधनी भनिनेछ ।

# शाइन डेभलपमेन्ट बैंक लिमिटेडको

## नियमावलीमा भएको संशोधन

नियमावली तर्फ

नियम १.कम्पनीको नाम : यस कम्पनीको नाम "शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा "Shine Resunga Development Bank Limited" भनिनेछ। जसलाई यसपछि "विकास बैंक" भनि संबोधन गरिने छ।

नियम २.विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :- (१) यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय लुम्बिनी अञ्चल गुल्मी जिल्ला तम्घास गा.वि.स. वडा नं. १ मा रहनेछ।

(२) यस विकास बैंकको कर्पोरेट कार्यालय लुम्बिनी अञ्चल रुपन्देही जिल्ला बुटवल नगरपालिका वडा नं. ८ मा रहनेछ। नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उप-शाखा वा अन्य कार्यालय खोली वित्तीय कारोबार गर्न सकिनेछ। यस विकास बैंकको कार्यक्षेत्र रुपन्देही, अर्घाखाँची, नवलपरासी, पाल्पा, गुल्मी, कपिलवस्तु, बागलुङ्ग, दाङ्ग, प्युठान र चितवन हुनेछ।

नियम ५३.(१) साविकको शाइन डेभलपमेण्ट बैंक लिमिटेडको क्रम संख्या १ देखी ६६ र साविकको रेसुङ्गा विकास बैंक लि. को क्रम संख्या ६७ देखी ८४ सम्मको शेयरधनीलाई संस्थापक शेयरधनी भनिनेछ।

प्रबन्धपत्र र नियमावलीमा उल्लेखीत बमोजिम संशोधन गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायबाट कुनै फेरबदल भएमा तथा सुझाव भएमा सोही बमोजिम सुधार गर्नका लागि बैंकको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतीले पारित गरियो।

## शाइन डेभलपमेण्ट बैंक लिमिटेडको

### प्रबन्धपत्रमा गरिएको संशोधन तथा थप (तीन महले)

| साविक व्यवस्था | हालको (संशोधित) व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|
| **दफा १.कम्पनीको नाम :**<br>यस कम्पनीको नाम "**शाइन डेभलपमेण्ट बैंक लिमिटेड**" हुनेछ र यसलाई अंग्रेजीमा "Shine Development Bank Limited" भनिनेछ । जसलाई पछि "विकास बैंक" भनि सम्बोधन गरिनेछ । | **दफा १.कम्पनीको नाम :**<br>यस कम्पनीको नाम "**शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड**" हुनेछ र यसलाई अंग्रेजीमा "Shine Resunga Development Bank Limited" भनिनेछ । जसलाई यसपछि "विकास बैंक" भनि संबोधन गरिने छ । | यस शाइन डेभलप बैंक लिमिटेडमा रे विकास बैंक लिमि गाभिएकोले कम्पनी नाम संशोधन गर्न आवश्यक भएकाले |
| **दफा २. विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :**<br>(१) यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय लुम्बिनी अञ्चल रुपन्देही जिल्ला बुटवल नगरपालिका वडा नं. ८ मा रहनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उप-शाखा वा अन्य कार्यालय खोलि वित्तीय कारोबार गर्न सकिनेछ । यस विकास बैंकको कार्यक्षेत्र रुपन्देही, अर्घाखाँची र नवलपरासी हुनेछ । | **दफा २.विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :**<br>(१) यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय लुम्बिनी अञ्चल गुल्मी जिल्ला तम्घास गा.वि.स. वडा नं. १ मा रहनेछ ।<br>(२) यस विकास बैंकको कर्पोरेट कार्यालय लुम्बिनी अञ्चल रुपन्देही जिल्ला बुटवल नगरपालिका वडा नं. ८ मा रहनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उप-शाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सकिनेछ । यस विकास बैंकको कार्यक्षेत्र रुपन्देही, अर्घाखाँची, नवलपरासी, पाल्पा, गुल्मी, कपिलवस्तु, बागलुङ्ग, दाङ्ग, प्युठान र चितवन हुनेछ । | मर्ज गरी १० जि कार्यक्षेत्र भएको विकास बैंकको रु कार्य गर्न । |
| **दफा ६. विकास बैंकको पुंजीको संरचना :**<br>विकास बैंकको पूजीको संरचना देहाय बमोजिम हुनेछ :<br>(क) विकास बैंकको अधिकृत पुंजी रु.२०,००,००,०००/०० (रुपैया बीस करोड मात्र) हुनेछ । सो पुंजीलाई प्रति शेयर रु.१००/०० दरले २०००००० (बीस लाख मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(ख) विकास बैंकले तत्काल जारी गर्ने शेयर पुंजी रु.२०,००,००,०००/०० (बीस करोड मात्र) हुनेछ | **दफा ६. विकास बैंकको पुंजीको संरचना :**<br>विकास बैंकको पूंजीको संरचना देहाय बमोजिम हुनेछ :<br>(क) विकास बैंकको अधिकृत पुंजी रु.६४,००,००,०००/०० (रुपैया चौसठी करोड मात्र) हुनेछ । सो पुंजीलाई प्रति शेयर रु.१००/०० दरले ६४००००० (चौसठी लाख मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(ख) विकास बैंकले तत्काल जारी गर्ने शेयर पुंजी रु.३१,९८,६३,६००/०० (एकतीस करोड अन्ठान्नब्बे | यस शाइन डेभल बैंक लिमिटेडमा विकास बैंक लिमि गाभिएकोले दुवै संस्थाको शे पूंजी समायोजन गरिएकोले । |

| | | |
|---|---|---|
| । सो पूंजीलाई प्रति शेयर रु.१००/०० दरले २०००००० (बीस लाख मात्र) थान साधारण शेयरमा विभाजन गरिएको छ | लाख त्रिसठी हजार छ सय मात्र) हुनेछ । सो पूंजीलाई प्रति शेयर रु.१००/०० दरले ३१९८६३६ (एकतीस लाख अन्ठानब्बे हजार छ सय छत्तीस) थान साधारण शेयरमा विभाजन गरिएको छ | |
| (ग) विकास बैंकको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूंजी रु.१२,००,००,०००/०० (बाह्र करोड मात्र) हुनेछ । | (ग) विकास बैंकको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूंजी रु.२०,०५,०४,५२०/०० (बीस करोड पांच लाख चार हजार पांच सय बीस मात्र) हुनेछ । | |
| (घ) विकास बैंकले जारी पूंजीको ४० प्रतिशत शेयर सर्व साधारणलाई विक्रीको लागी छुट्याइएको छ । | (घ) विकास बैंकले जारी पूंजीको ३७.३२ प्रतिशत शेयर सर्व साधारणलाई विक्रीको लागी छुट्याइएको छ । | |
| ङ (१) संस्थापक शेयरधनीहरुलाई समुह "क" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ६० प्रतिशत हुनेछ । | ङ (१) संस्थापक शेयरधनीहरुलाई समुह "क" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ६२.६८ प्रतिशत हुनेछ । | |
| (२) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ४० प्रतिशत हुनेछ । यस समूहको कुल शेयरमध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर विकास बैंकका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ । | (२) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गीकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ३७.३२ प्रतिशत हुनेछ । यस समूहको कुल शेयरमध्येबाट बढीमा ५ प्रतिशतसम्म शेयर विकास बैंकका कर्मचारीलाई छुट्याई संचालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ । | |
| **दफा १५ मा थप** | **दफा १५.** (१) साविकको शाइन डेभलपमेन्ट बैंक लिमिटेडको क्रम संख्या १ देखी ६६ र साविकको रेसुङ्गा विकास बैंक लि. को क्रम संख्या ६७ देखी ८४ सम्मको शेयरधनीलाई संस्थापक शेयरधनी भनिनेछ । | हाल शाइन डेभलपमेन्ट बैंक लि.मा रेसुङ्गा विकास बैंक लि. गाभिएका हाल बैंकका संस्थापक शेयरधनीहरुको ना... [illegible] |

## शाइन डेभलपमेण्ट बैंक लिमिटेडको

## नियमावलीमा गरिएको संशोधन तथा थप (तीन महले)

| साविक व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने औचित्य |
|---|---|---|
| **नियम १.कम्पनीको नाम :**<br>यस कम्पनीको नाम "**शाइन डेभलपमेण्ट बैंक लिमिटेड**" हुनेछ र यसलाई अंग्रेजीमा "Shine Development Bank Limited" भनिनेछ । जसलाई पछि "विकास बैंक" भनि सम्बोधन गरिनेछ । | **नियम १.कम्पनीको नाम :**<br>यस कम्पनीको नाम "**शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड**" हुनेछ र यसलाई अंग्रेजीमा "Shine Resunga Development Bank Limited" भनिनेछ । जसलाई यसपछि "विकास बैंक" भनि संबोधन गरिने छ । | यस शाइन डेभलपमेण्ट बैंक लिमिटेडमा रेसुङ्गा विकास बैंक लिमिटेड गाभिएकोले कम्पनीको नाम संशोधन गर्न आवश्यक भएकाले । |
| **नियम २. विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :**<br>(१) यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय लुम्बिनी अञ्चल रुपन्देही जिल्ला बुटवल नगरपालिका वडा नं. ८ मा रहनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उप-शाखा वा अन्य कार्यालय खोलि वित्तीय कारोवार गर्न सकिनेछ । यस विकास बैंकको कार्यक्षेत्र रुपन्देही, अर्घाखाँची र नवलपरासी हुनेछ । बैंक" भनि संबोधन गरिनेछ । | **नियम २.विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय रहने ठेगाना :**<br>(१) यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय लुम्बिनी अञ्चल गुल्मी जिल्ला तम्घास गा.वि.स. वडा नं. १ मा रहनेछ ।<br>(२) यस विकास बैंकको कर्पोरेट कार्यालय लुम्बिनी अञ्चल रुपन्देही जिल्ला बुटवल नगरपालिका वडा नं. ८ मा रहनेछ । नेपाल राष्ट्र बैंकको स्वीकृति लिई आवश्यकता अनुसार शाखा, उप-शाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सकिनेछ । यस विकास बैंकको कार्यक्षेत्र रुपन्देही, अर्घाखाँची, नवलपरासी, पाल्पा, गुल्मी, कपिलवस्तु, बागलुङ, दाङ, प्युठान र चितवन हुनेछ । | मर्ज गरी १० जिल्ला कार्यक्षेत्र भएको विकास बैंकको रुपमा कार्य गर्न । |
| नियम ५३ मा थप | **नियम ५३.** (१) साविकको शाइन डेभलपमेण्ट बैंक लिमिटेडको क्रम संख्या १ देखी ६६ र साविकको रेसुङ्गा विकास बैंक लि. को क्रम संख्या ६७ देखी ८४ सम्मको शेयरधनीलाई संस्थापक शेयरधनी भनिनेछ । | यस शाइन डेभलपमेण्ट बैंक लि.मा रेसुङ्गा विकास बैंक लि. गाभिएकाले उक्त बैंकका संस्थापक शेयरधनीहरुको नाम थप गरिएकाले । |